# प्रेस काउन्सिल सदस्य आचारसंहिता, २०६४

**प्रस्तावना :** प्रेस काउन्सिल नेपालका सदस्यहरू पत्रकारिताको विकास गर्न, सार्वजनिक नैतिकता र मान्यताको रक्षा गर्न तथा काउन्सिलको प्रतिष्ठा र गरिमा अभिवृद्धि गर्न सदा उद्दत रहुन् भन्ने उद्देश्यले देहायबमोजिम प्रेस काउन्सिल सदस्य आचारसंहिता, २०६४ स्वीकृत गरि लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो आचारसंहिताको नाम "प्रेस काउन्सिल सदस्य आचारसंहिता, २०६४" रहनेछ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "काउन्सिल" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम गठित प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनुपर्छ ।

(ग) "काउन्सिल सदस्य" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ बमोजिमको सदस्य सम्झनु पर्छ । सो शब्दले प्रेस काउन्सिलको अध्यक्ष र काउन्सिल तथा काउन्सिल अन्तर्गत गठित समिति, उप-समितिका बैठकमा सहभागी हुने सल्लाहकार सदस्य, आमन्त्रित सदस्य आदिलाई समेत जनाउनेछ ।

**३. प्रेस काउन्सिल सदस्यको पेसागत आचार :** प्रेस काउन्सिलका सदस्यले देहायको आचारसंहिता पालना गर्नेछन् ।

(क) पत्रकारिताको पेसागत मर्यादा र आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्ने काउन्सिलको उद्देश्यप्रति सदा निष्ठावान रही इमान्दारीपूर्वक ऐन, नियम, कानून र आचारसंहिताको पालना गरि पदीय दायित्व निर्वाह गर्नेछन् ।

(ख) स्वस्थ पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्न, सार्वजनिक नैतिकता एवं नागरिकको मर्यादा कायम राख्न, प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन सदा प्रयत्नशील रहनेछन् ।

(ग) प्रेस र सञ्चारमाध्यमको पेसागत आचरण र व्यवसायिक नैतिकताको प्रतिकूल हुनेगरि कुनै कार्य गर्नेगराउने छैनन् ।

(घ) सदा उच्च व्यवसायिक मर्यादा र नैतिकस्तर कायम राख्नेछन् ।

(ङ) आफ्नो पदीय हैसियत वा निजी तवरबाट समेत काउन्सिलको विश्वसनीयता वा गरिमामा आँच पुग्ने कुनै काम कारबाही गर्ने छैनन् ।

(च) आफू संलग्न वा आफ्नो नाता, सम्बन्ध वा कुनै शेयर वा संलग्नता रहेको पत्रपत्रिका वा सञ्चारमाध्यम उपरको उजुरीको विषयमा सुनुवाइ गर्दा वा त्यस्तो पत्रपत्रिकाको सम्परीक्षण/अनुगमन गर्दा सहभागी हुने छैनन् ।

(छ) आफ्नो पदीय दायित्वबाट विचलित हुनेगरि कसैबाट कुनै किसिमको उपहार, दान, चन्दा, सहयोग, सम्मान आदि ग्रहण गर्ने छैनन् ।

(ज) काउन्सिलमा विचाराधीन रहेको वा निर्णय भइसकेको विषयलाई लिएर काउन्सिलको मर्यादा, गरिमा र विश्वसनीयतामा असर पुऱ्याउने किसिमले सार्वजनिकरूपमा कुनै प्रतिकिया वा टिप्पणी व्यक्त गर्ने छैनन् ।

(झ) ऐन, नियमद्वारा तोकिएको काम, कारबाही सम्पादन गर्दा मरमोलाहिजा, पक्षपात, द्वेष वा प्रतिशोधको भावना राखी कुनै निर्णय गर्ने छैनन् ।

(ञ) काउन्सिलका सदस्यहरूले आपसमा सदा मैत्री, असल र सद्भावपूर्ण व्यवहार गर्नेछन् ।

**४. आचारसंहिता उल्लङ्घन भएको अवस्था :**

(१) कुनै पनि सदस्यले आचारसंहिता उल्लङ्घन गरेको उजुरी वा सार्वजनिक टीकाटिप्पणी भएको अवस्थामा काउन्सिलले सो विषयमा छलफल गर्नेछ ।

(२) काउन्सिलको बैठकले प्राप्त उजुरी वा सार्वजनिक टीकाटिप्पणीमा थप छानबिन गर्न जरुरी देखेमा काउन्सिलका सदस्यसहित कानून, न्याय र सञ्चार क्षेत्रका अनुभवी व्यक्ति संलग्न छानबिन समिति गठन गर्नेछ ।

(३) समितिले छानबिन गर्दा आरोपित सदस्यले आचारसंहिता विपरीत कार्य गरेको प्रमाणित भएमा उक्त समितिको प्रतिवेदनको आधारमा काउन्सिलले आरोपित सदस्यलाई सचेत गराउने, आत्मालोचना गर्न लगाउने वा निजप्रति सार्वजनिकरूपमा खेदसमेत प्रकट गर्न सक्नेछ ।

*(काउन्सिलको मिति २०६४/३/८ को बैठकबाट पारित ।)*